आज मिति २०७७ फागुन ७ गते शुक्रवारका दिन दिउसो १२.३० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | नारायणी |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | पार्वती |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | ठगे नेपाली |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | सचिव | |

Scanned with CamScanner

मिति २०७७।११।०७ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** लमही नगरपालिकाको आठौं नगरसभा मिति २०७७ साल फागुन १७ गते सोमवारका दिन आयोजना गर्ने ।

**निर्णय नं. २ :** विपद् व्यवस्थापन समिति बैठकको मिति २०७७ फागुन ५ गतेको सिफारिस सम्वन्धि निर्णय समेतको आधारमा देहायका घटनाहरुमा तपसिल अनुसार हुनेगरी नगरपालिकाको विपद व्यवस्थापन कोषवाट राहत रकम उपलब्ध गराउने ।

| सि.न | राहत प्राप्त गर्नेको नाम | ठेगाना | सिफारिस पत्र मिति | प्रदान गरिने राहत रकम | क्षतीको विवरण |
|---|---|---|---|---|---|
| १ | श्री नर बहादुर घर्तिमगर | लमही १ | २०७७।०८।२५ | रु. १५ हजार | घरमा आगलागी भई धनमाल क्षती |
| २ | श्री कुन्ता वली | लमही १ | २०७७।०९।२० | रु. १५ हजार | शारदा भारतीको घर भाडामा लिई संचालित सुपा देउराली स्टोरमा आगलागि हुदा २ लाख बराबरको धनमाल क्षती भएको प्रहरी मुचुल्का |
| ३ | श्री बेलमती चौधरी | लमही ८ | २०७७।११।०२ | रु. १५ हजार | बाघको आक्रमणवाट घाइते भई अस्पताल भर्ना |
| ४ | श्री हिरादेवी चौधरी | लमही २, बरुवागाँउ | २०७७।०९।२८ | रु. ५ हजार | जंगली बदेलको आक्रमणवाट सामान्य घाइते |
| ५ | श्री श्यामु गिरी | लमही २, डोरही | २०७७।०९।२८ | रु. १५ हजार | जंगली बदेलको आक्रमणवाट गम्भिर घाइते भई शल्यक्रिया गरी हालसम्म उपचाररत |
| ६ | श्री भिच्छु चौधरी | लमही २, डोरही | २०७७।०९।२८ | रु. १५ हजार | जंगली बदेलको आक्रमणवाट गम्भिर घाइते भई शल्यक्रिया गरी हालसम्म उपचाररत |
| ७ | श्री धनिया चौधरी | लमही २, डोरही | २०७७।०९।२८ | रु. १० हजार | जंगली बदेलको आक्रमणवाट गम्भिर घाइते भई अस्पताल भर्ना |

**निर्णय नं. ३ :** देहायका वडा कार्यालयको सिफारिस तथा संस्था र व्यक्तिहरुको निर्माण तथा आर्थिक सहयोगकोलागि प्राप्त निवेदनहरु उपर मध्यनजर गर्दै लमही नगरपालिकाको स्वीकृत वजेटको समपुरक कोष शिर्षकमा विनियोजन भएको रकमवाट व्यहोर्ने गरी तपसिल अनुसारको सहयोग रकम उपलब्ध गराउन स्वीकृति दिने ।

| सि.न. | **कार्यक्रम तथा योजना** | **प्रदान गरिने सहयोग रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | लमही नगरपालिका वडा नं. ८ को प्रहरी चौकी सतवरिया प्राङ्गणमा दुर्गा भगवती मन्दिर निमार्णको लागि मन्दिर निर्माण समितिवाट पेश भएको निवेदन | रु. २५ हजार मात्र | |
| २ | लमही नगरपालिका वडा नं. ३ को सिफारिस अनुसार श्री राप्ती सामूहिक सिंचाई संघ (S.P.1) उत्तर फल्कापुरको डिप बोरिङ मर्मतको लागि | इस्टिमेट अनुसार हुन आउने रकम । वढिमा ५० हजार | |
| ३ | बुद्धभूमि नगरपालिका वडा नं. २ गोरुसिगें स्थित कपिलवस्तु संर्पदंश उपचार केन्द्रलाई आर्थिक सहयोग | रु. २५ हजार मात्र | |
| ४ | लमही नगरपालिका वडा नं. १ सुनडवरीको मन्दिर निर्माणको लागि सहयोग | रु. २५ हजार मात्र | |

Scanned with CamScanner

**निर्णय नं. ४ :** नगर प्रहरी जवान छनौट सम्वन्धी मापदण्ड, २०७७ स्वीकृत(यसै कार्यपालिका बैठक निर्णयको अनुसूची १ मा रहेको) गर्ने । साथै **लमही नगरपालिका, नगर प्रहरी व्यवस्थापन ऐन**, २०७७ अनुसार यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहने गरी १(एक) नगर प्रहरी सहायक निरिक्षक, चौथों तहको दरवन्दी स्वीकृतीको लागि आगामी नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ५ :** लुम्बिनी प्रदेश कृषि तथा सहकारी मन्त्रालयको पत्रानुसार चालु आ.व. २०७७।०७८ को स्वीकृत प्रदेश सरकारको सशर्त सहयोगमा कार्यक्रम अन्तर्गत कार्यक्रमको अवधि समाप्त भएमा स्वतः नरहने गरी १(एक) जना पशु चिकित्सक प्रतिस्पर्धाको माध्यमवाट सेवा करारमा लिने ।

**निर्णय नं. ६ :** कर्मचारी समायोजन/मिलान सम्वन्धि मापदण्ड २०७७ भर्खरै स्वीकृत भई सो अनुसार कार्य अगाडी बढेकाले तत्कालको लागि हाललाई लमही नगरपालिका मातहतका कार्यालयहरुमा प्रशासन तर्फका ४ र ५ तहको रिक्त रहेको दरवन्दी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोग समक्ष कर्मचारी माग नपठाउने ।

**निर्णय नं. ७ :** कोरोना विशेप देउखुरी आईसोलेशन सेन्टर संचालन गर्दा लागेको खर्चमध्ये सो सेन्टरवाट प्राप्त भएको पत्र बमोजिम यस लमही नगरपालिकाले व्यहोर्नुपर्ने बाँकि रकम रु. ६ लाख ८४ हजार ५ सय ३७ रुपैयाँ भुक्तानी दिने ।

**निर्णय नं. ८ :** लमही नगरपालिका नगर कार्यपालिका बैठकको दाङ जिल्लाको सिमानामा कम्तिमा १ (एक) स्थानको सशस्त्र प्रहरी वल सिमा सुरक्षा वेस क्याम्प निर्माणको लागि सहयोग गर्ने भन्ने कार्यपालिकाको अघिल्लो बैठकको निर्णयानुसार एक स्थानको वेस क्याम्प निर्माणको लागि देहाय अनुसार हुने गरी आवश्यक रकम चालु आ.व.को स्वीकृत बजेटको समपुरक कोषवाट सहयोग गर्ने ।

**क)** Base Camp **भवन निर्माणको लागि रु ५ लाख ।**

**ख)** Store Room **र शौचालय निर्माण लागि रु. ५ लाख ।**

**अनुसूची १**

**(मिति २०७७।११।०७ को कार्यपालिका बैठकको निर्णय नं. ४ अनुसारको )**

**नगर प्रहरी जवान छनौट सम्बन्धी मापदण्ड, २०७७**

| चरण | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|
| प्रथम चरण | प्रारम्भिक शारीरिक परीक्षण | - | - |
| द्वितीय चरण | शारीरिक तन्दुरुस्ती परीक्षण | १०० | |
| तृतीय चरण | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| चतुर्थ चरण | लिखित परीक्षा | १०० | ४० |
| पाँचौ चरण | अन्तर्वार्ता | २० | - |
| | जम्मा | २२० | |

१. प्रथम चरण : <u>प्रारम्भिक स्वास्थ्य परीक्षण</u>...

| विवरण | पुरुषको लागि | | महिलाको लागि | |
|---|---|---|---|---|
| | उत्तीर्ण | अनुत्तीर्ण | उत्तीर्ण | अनुत्तीर्ण |
| १. उचाइ | ५फिट २ ईन्च वा सो भन्दामाथी | ५फिट २ ईन्च भन्दा कम | ५ फिट वा सो भन्दा माथी | ५ फिट भन्दा कम |
| २. तौल | ५० के.जी. वा सो भन्दा वढी | ५० के.जी. भन्दा कम | ४२ के.जी. वा सो भन्दा वढी | ४२ के.जी. भन्दा कम |
| ३. छाती | नफुलाउदा कम्तिमा ३० ईन्च र फुलाउदा कम्तिमा ३२ ईन्च। कम्तिमा २ ईन्च फुलाउनु पर्ने। | नफुलाउदा कम्तिमा ३० ईन्च भन्दा कम भएको। कम्तिमा २ ईन्च फुलाउन नसक्ने। | - | - |
| ३. साधारण वियरिङ्ग | साधारण वियरिङ्गमा अनुत्तीर्ण हुने कारणहरु<br>अंगभंग/हात खुट्टा बाङ्गो-टिङ्गो, लठ्यौरो, दात झरेको/२ भन्दा वढी दाँत किराले खाएको, Colour Blind भएको, अनुहारमा १*१ से.मी. भन्दा ठुलो काटेको, पोलेको वा अन्य किसिमको दागहरु भएको, नशा फुल्ने वा भेरिकोच भएको। | | | |

**नोट :** पहिलो चरणको प्रारम्भिक शारीरिक परीक्षणवाट छनौट भएका उम्मेदवारहरुलाई मात्र दोस्रो चरणको शारीरिक तन्दुरुस्ती परीक्षामा सहभागि गराइनेछ।

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## २. द्वितीय चरण : शारीरिक तन्दुरुस्ती परीक्षण

| ईभेन्टस् | ३०० मिटर दौड | सिट अप | पुस अप | जम्मा अंक |
|---|---|---|---|---|
| पुर्णाङ्क | ४० | ३० | ३० | १०० |
| उत्तीर्णाङ्क | १६ | १२ | १२ | ४० |

**नोट :** कुनै इभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन

**क) ३०० (तीन सय) मिटर दौड**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक ४०.०० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | ४५ सेकेण्ड वा सो भन्दा कम | ४०.०० | ५५ सेकेण्ड वा सो भन्दा कम |
| २ | ४९ सेकेण्ड सम्म | ३२.०० | ५९ सेकेण्ड सम्म |
| ३ | ५३ सेकेण्ड सम्म | २४.०० | ६३ सेकेण्ड सम्म |
| ४ | ५६ सेकेण्ड सम्म | १६.०० | ६७ सेकेण्ड सम्म |
| ५ | ५६ सेकेण्ड भन्दा वढी | अनुत्तीर्ण | ६७ सेकेण्ड भन्दा वढी |

**ख) सिट अप**

| क.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक ३०.०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | ३०.०० | १५ पटक वा सो भन्दा माथि |
| २ | १८ पटक सम्म | २४.०० | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | १८.०० | ८ पटक सम्म |
| ४ | १२ पटक सम्म | १२.०० | ५ पटक सम्म |
| ५ | १२ पटकसम्म पनि नसक्ने | अनुत्तीर्ण | ५ पटक सम्म पनि नसक्ने |

Scanned with CamScanner

ग) पुस अप

| क.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक ३०.०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | ३०.०० | १४ पटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | २४.०० | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | १८.०० | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | १२.०० | ४ पटक सम्म |
| ५ | १०पटकसम्म पनि नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि नसक्ने |

**नोट :** कुनै पनि इभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

३. तृतीय चरण : **विस्तृत स्वास्थ्य परीक्षण**

**क)** ENT **ख)** Chest **ग)** Eye test **घ)** BP **ङ)**Blood **च)**Medical

**नोट :** तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र चतुर्थ चरणको लिखित परीक्षामा सम्मिलित गराइने छ ।

**४. चतुर्थ चरण : लिखित परीक्षा**

| विषय | खण्ड | अंक | परीक्षा प्रणाली | विषयवस्तु | प्रश्न संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|
| नेपाली | क | ३० | वस्तुगत/ विषयगत | १) नेपाली लेखन<br>राष्ट्रिय गान<br>निवन्ध लेखन<br>चिठ्ठी लेखन<br>२) नेपाली व्याकरण<br>नाम, सर्वनाम, करण, अकरण खाली ठाउ भर्ने ।<br>शुद्ध लेखन<br>वाक्यमा प्रयोग<br>शब्दार्थ, विपरीतार्थक शब्द | | ३ घण्टा |
| अंग्रेजी | ख | २० | | Translation Nepali to English<br>Alphabetical order<br>Singular /Plural<br>Word meaning<br>Spelling Grammar | | |
| गणित | ग | २० | | जोड (तीन अंक सम्मको)<br>साधारण घटाउ<br>साधारण गुणा<br>साधारण भाग<br>अंक र अक्षरमा लेख्ने<br>गणितीय शाब्दिक समस्या<br>सामान्य सरल | | |
| सामान्य ज्ञान | घ | २० | | नेपालको इतिहास र भूगोल<br>लमही नगरपालिकाको वारेमा | | |

लमही नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपालको वर्तमान संविधान (जारी मिति भाग अनुसूची संख्या)<br>समसामयिक राष्ट्रिय घटनाक्रम | | |
| सेवा सम्बन्धि | ङ | २० | | लमही नगरपालिका नगर प्रहरी व्यवस्थापन ऐन, २०७७ आचरण, सजाय र पुनरावेदन, विदा सम्वन्धि व्यवस्था<br>नेपाल प्रहरी, सशस्त्र प्रहरी सम्बन्धमा सामान्य जानकारी<br>समस्यामूलक प्रश्न | | |
| | जम्मा | १०० | | | | |

## ४.पाँचौ चरण : अन्तर्वार्ता

अन्तर्वार्ता वापत पूर्णाङ्क २० हुनेछ ।

अन्तर्वार्ता पश्चात अन्तिम नतिजा प्रकाशन गर्दा शारीरिक तन्दुरुस्ती परीक्षाको प्राप्तांक, लिखित परीक्षाको प्राप्तांक र अन्तर्वार्ताको औसत समेत जोडी हुन आउने कुल अंकको आधारमा माग भएको पद संख्या अनुसार अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

नगर कार्यपालिकाको कार्यालय लमही नगरपालिका लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner